# मिति २०८२।६।२७ गते बसेको कार्यपालिका बैठकको एजेण्डा/निर्णयहरु

**एजेण्डाहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. सार्वजनिक सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।

३.मिति २०८२।५।२४ गते भएको आन्दोलनका क्रममा यस नगरपालिका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको क्षतिको विवरण र पुनः निर्माणका बिषयमा छलफल सम्बन्धमा ।

४.श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२ ।६।७ निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी बिषयको जानकारी सम्बन्धमा ।

५.कर्मचारीको असाधारण विदा स्वीकृत गर्ने सम्बन्धमा ।

६.मालपोत कार्यालय भरतपुर चितवनको मिति २०८२।०६।०९ को सिफारिस सम्बन्धी पत्र सिफारिस सम्बन्धमा ।

७.कार्यविधि संसोधन सम्बन्धमा ।

८.मालपोत कार्यालय भरतपुर, नापी कार्यालय भरतपुर, ईलाका मालपोत कार्यालय खैरहनी र ईलाका प्रहरी कार्यालय रत्ननगर टाँडीलाई ईलेक्ट्रोनिक सामान (कम्प्यूटर, प्रिन्टर) सहयोग गर्ने सम्बन्धमा ।

९.नगर प्रमुखसँग विपन्न कार्यक्रम बाट विपन्न परिवारलाई आवास निर्माण सम्बन्धमा ।

१०.विपन्न बिरामी आर्थिक सहयोग सम्बन्धमा ।

११.अन्य विविध ।

क. चालू खर्च कटौती सम्बन्धमा ।

ख. नगर विकास कोषको ऋण मिनाहा र पुननिर्माणका लागि बजेट स्रोत सुनिश्चितता सम्बन्धमा ।

ग. वैकल्पिक उर्जाको लागि बजेट स्रोत सुनिश्चित गर्ने सम्बन्धमा ।

घ. चाडपर्वमा प्लाष्टिकजन्य फुल गुच्छा र मालाको प्रयोग निषेध सम्बन्धमा ।

ङ. प्रतिनिधि मुकारर तोक्ने सम्बन्धमा ।

च. सम्पत्तिकर र व्यवसायकर छुटको समय थप गर्ने सम्बन्धमा ।

छ. एक वडा एक कृषि उत्पादन कार्यक्रमको लागि साझेदारी प्रतिवद्धता सम्बन्धमा ।

ज. विशेष नगरसभा संचालन सम्बन्धमा ।

झ. इ.प्र.का. कार्यालय टाँडीलाई हस्तान्तरण गरिएको मोटरसाइकलको अपुग रकम भुक्तानी सम्बन्धमा ।

ञ. पशुहाट बजारमा रहेको भवन जिल्ला आयुर्वेद औषधालयलाई स्टोर र प्रशासन संचालनका लागि अस्थायी प्रयोजनका लागि उपलब्ध गराउने सम्बन्धमा ।

ट. कामख्या देवीको मन्दिरमा Water Cooler Storage जडान सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं १**

मिति २०८२।५।२८ गते बसेको नगरकार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

**निर्णय नं २**

मिति २०८२ भाद्र महिनाको २३ र २४ गते भएको जेन्जी समुहको आन्दोलनका क्रममा तोडफोड आजगनी र लुटपाटका कारण क्षति भएको नगरकार्यपालिकाको कार्यालय वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु सरसफाई गरि सार्वजनिक सेवा प्रवाह सूचारु गरिएका बिषयहरुमा छलफल गरियो । आन्दोलनका क्रममा क्षति भएका नगरपालिका कार्यालय वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको न्युनतम मापदण्ड पुरा गर्न र पुनः निर्माणका लागि प्राविधिक लागत अनुमान बमोजिम बजेट व्यवस्थान गरी पुन निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो

**निर्णय नं ३**

मिति २०८२ भाद्र महिनाको २३ र २४ गते भएको जेन्जी समुहको आन्दोलनका क्रममा आगलागी तोडफोड र लुटफाटका कारण वडा कार्यालय र नगरकार्यपालिका कार्यालय वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको नष्ट भौतिक सामाग्रीहरु र राजश्व रकम समेतको सम्बन्धित कार्यालयहरुको मुचुल्का सहित प्रतिवेदन प्राप्त भएको सन्दर्भमा वडा नं ७ को कार्यालय वडा नं १६ को कार्यालय र राजश्व शाखा समेतले नष्ट भएको भनिएको राजश्व सम्बन्धित कर्मचारीबाट नै असुलउपर गराउने र अन्य जिन्सी सामाग्रीहरुको व्यवस्थापन तथा प्रयोगको हकमा तपसिलको समिति बनाई छानबिन गराई जिन्सी सामाग्रीको यथार्थ विवरण तयार गर्ने निर्णय गरियो ।

**तपसिल**

जेन्जी आन्दोलनका क्रममा क्षति भएका जिन्सी सामाग्रीहरुको छानविन तथा विवरण तयारी समिति

संयोजक श्री कुल प्रसाद सापकोटा नगर प्रवक्ता -वडा अध्यक्ष वडा नं १
सदस्य श्री बालकृष्ण चापागाई- वडा अध्यक्ष वडा नं ५
सदस्य श्री हेमराज थापा -वडा अध्यक्ष वडा नं १६
सदस्य श्री सविता अर्याल- प्रशासन शाखा प्रमुख
श्री डिम्मेश्वरी पौडेल -जिन्सी शाखा प्रमुख

**निर्णय नं ४**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२।०६।०९ गतेको च. नं ११३ को निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई भएको परिपत्रको बिषयमा यस बैठकमा जानकारी एवम् छलफल भयो । साथै अर्थ मन्त्रालयको प. सं.२०८२।०८३ (बजेट) च.नं ११८, मिति २०८२।६।७ को पत्र मार्फत नेपाल सरकार मन्त्रिपरिषद्वारा मिति २०८२।६।५ मा सार्वजनिक संरचनाको पुन निर्माण र मर्मत सार्वजनिक सेवा सूचारु, आर्थिक पुनरुत्थान र राहात समेतका लागि आयोजनाको पुनःप्राथमिकिकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी निर्णय क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

यस रत्ननगर नगरपालिकाको वडा नं १० मा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्र बैरीयामा कार्यरत कर्मचारी जनस्वास्थ्य निरिक्षक अधिकृत छैठौ श्री सूरज गुरुङ (क. स. न. २२६८८५) ले बिशेष कारण मिति २०८२।०६।१९ गते देखि मिति २०८२।१२।१९ गते सम्म संचित घर विदाबाट कट्टा हुने गरी र मिति २०८२।१२।१९ गते देखि २०८३।१२।१९ गते सम्म (१ बर्ष) बेतलबी असाधारण विदा माग गरेकाले स्थानीय सेवा गठन तथा संचालन ऐन २०७९ को दफा ६० बमोजिम एक बर्षको बेतलबी असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

मिति २०८२ भाद्र २४ गतेको जेन जी आन्दोलनबाट मालपोत कार्यालय भरतपुर पूर्ण रुपमा जलेर नष्ट भएको र यस नगरपालिका अन्तरगतका जग्गाधनीहरुको श्रेष्ता अध्याबधिक गर्ने प्रयोजनका लागि सिफारिस गरिदिनु हुन भनि अनुरोध भई आएकाले एक पटकका लागि श्रेष्ता अध्याबधिक गर्न मुचुल्का तयारी र सिफारिस निशुल्क रुपमा उपलब्ध गराउने निर्णय अनुमोदन गरियो ।

**निर्णय नं ७**

नगरस्तरीय विधायन समितिबाट पेश भएको यस रत्ननगर नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि २०७७ को देहाय बमोजिम संसोधन सर्वसम्मतीको स्वीकृत गरियो ।

**तपसिलः-**

| सािवक कार्यविधिमा भएको | संशोधन सहित स्वीकृत भएको |
| --- | --- |

| | |
|---|---|
| **दफा ४ को छनौट सम्बन्धी व्यवस्था**<br>ख) कार्य अनुभव वापत-१०(दश) अंक (प्रतिवर्ष २ अंकको दरले प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने ।<br>यस वापतको अंक प्राप्त गर्न कम्तीमा ६ महिना लगातार काम गरेको हुनुपर्नेछ ।६ महिना भन्दा कम अवधि काम गरेको उम्मेदवारले यस वापतको अंक प्राप्त गर्नेछैन । | ख) कार्य अनुभव वापत- ५(पाच) अंक (प्रति वर्ष १ अंकको दरले) प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने ।<br>यस वापतको अंक प्राप्त गर्न कम्तीमा ६ महिना लगातार काम गरेको हुनुपर्नेछ ।६ महिना भन्दा कम अवधि काम गरेको उम्मेदवारले यस वापतको अंक प्राप्त गर्नेछैन। यो वाक्यांश हटाइएको छ । |
| ग) स्थानीय बासिन्दालाई देहाय बमोजिम- १०(दश) अंक<br>१) सम्बन्धित नगरपालिकाको बासिन्दा भएमा-१० अंक<br>२) अन्य नगरपालिकाको बासिन्दा भएमा- ५अंक<br>३) जिल्ला बाहिरको बासिन्दा भएमा- ० अंक | ग) स्थानीय बासिन्दालाई देहाय बमोजिम- ५(पाच) अंक<br>१) सम्बन्धित नगरपालिकाको बासिन्दा भएमा- ५ अंक<br>२) अन्य नगरपालिकाको बासिन्दा भएमा- ० अंक<br>३) जिल्ला बाहिरको भएमा- ० अंक |
| घ) अन्तरवार्तामा अधिकतम-२० अंक ।यस अनुसार अंक प्राप्त गर्दा न्यूनतम ८ (आँठ) र अधिकतम १४(चौध) को सीमाभित्र रही प्रदान गर्नु पर्नेछ । | घ) अन्तरवार्तामा अधिकतम-२५ अंक ।यस अनुसार अंक प्राप्त गर्दा न्यूनतम १० (दश) र अधिकतम १७ .५ (चौध) को सीमाभित्र रही प्रदान गर्नु पर्नेछ । उक्त सीमाभित्र नभएमा विशेष कारण सहित राय दिनु पर्नेछ ।<br><br>ङ) कम्प्यूटर सिप परिक्षण लिखित तथा प्रयोगात्मक थप गरिएको छ ।<br>कम्प्यूटर परिक्षा अन्तर्वाता ५ अंकको हुनेछ । भन्ने वाक्यांश थपिएको छ । साविकको ङ लाई च बनाइएको छ । |
| दफा ३ उपदफा २ को (च) कानून तथा न्यायसँग सम्बन्धित | दफा ३ उपदफा २ को (च) कानून तथा न्यायसँग सम्बन्धित भन्ने वाक्यांश हटाइएको छ । |
| दफा ४ को उपदफा ३ क) शैक्षिक योग्यता वापत-६०(साठी) अंक<br>विशिष्ट श्रेणी वा GPA A+वापत-६० अंक<br>प्रथम श्रेणी GPA A वापत*५५, | दफा ४ को उपदफा ३ क) शैक्षिक योग्यता वापत-६०(साठी) अंक<br>प्रथम श्रेणी वा सो भन्दा माथि GPA A वा सो भन्दा माथि वापत-६० अंक, |

| | |
|---|---|
| द्रितिय श्रेणी GPA b+ वापत-५०,<br>तृतिय श्रेणी GPA b वा सो भन्दा तल वापत-४५ | द्रितिय श्रेणी GPA B+ र सो भन्दा तल वापत र-५० |

**निर्णय नं ८**

मिति २०८२ भाद्र २४ गतेको जेन जी आन्दोलनका क्रममा आगलागीका कारण जलेर पुर्ण रुपमा नष्ट भएका कार्यालयहरु मालपोत कार्यालय भरतपुर, नापि कार्यालय भरतपुर, ईलाका प्रहरी कार्यालय टाँडी र ईलाका मालपोत कार्यालय भरतपुरबाट कम्प्युटर प्रिन्टर लगायतका सामाग्रीहरु माग भई आएकाले नगरस्तरीय मालपोत, नापी, जिप्रका लगायतका अन्य संस्था सहायता शिर्षकमा विनियोजित बजेटमा अपुग रकम रु २१५०००।–(दुई लाख पन्ध्र हजार मात्र) नगरस्तरीय मेशिनरी तथा औजार उपकरण शिर्षकबाट व्ययभार गरी देहाय बमोजिमको सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो ।

देहाय

१. दराज स्टील- १ थान

२. डेस्कटप एसर -६ थान

३. प्रिन्टर ६०३०- ५ थान

**निर्णय नं ९**

यस रत्ननगर नगरपालिका वडा नं ३ जलदेवी टोल निवासी विपन्न वर्गका कृष्ण बहादुर कार्कीको बाटो बिस्तारको क्रममा घर भत्काउन परेका र नीजको भत्केको घर निर्माणका लागि सहयोग माग भई आएको र व्यहोरा सहिसत्य बुझिएकाले नगरस्तरीय विपन्नसँग नगर प्रमुख कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी रु.१२०००००।–(एक लाख बिस हजार मात्र) रकम सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

यस रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित विपन्न नागरिकहरुको उपचारका सहयोग विविध खेलकुद तथा सांस्कृतिक कार्यक्रमका लागि सहयोग माग भई आएका तपसिलका व्यक्तीहरुलाई **नगरस्तरीय अन्य संस्था व्यक्ती लगायत सहयोगापेक्षी** शिर्षकबाट व्ययभार हुने गरि देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र. स. | सहयोग माग गर्नेको विवरण | सिफारिस गर्ने वडा | सहयोग माग भएको विवरण | स्वीकृत रकम | कै |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पनीय थरुनी वडा नं ४ | वडा नं ४ को कार्यालय | सडक दुर्घटनामा परि उपचारका उपचाररत रहेको र नीजको आर्थिक अवस्था कमजोर भएको | १०००० | |
| २ | प्याराडाईज युवा क्लब | - | २०८२ असोज ११ १२ र १३ गते रत्ननगर नगरपालिकाका वडाहरु बीच प्रथम दशैं कप २०८२ संचालन गरेको | १५००० | |
| ३ | रामकुमारी शिवाकोटी | - | बेखर्ची भई घर जानका लागि बाटो खर्च राजश्वव शाखा प्रमुख श्री लिलानाथ अर्यालबाट दिईएको | ४००० | |
| ४ | लक्ष्मण दर्जी | वडा नं १२ को कार्यालय | मुटु रोगका कारण उपचाररत रहेको र नीजको पारिवारिक अवस्था ज्यादै कमजोर भई तत्काल उपचारका लागि शाखा प्रमुख श्री लिलानाथ अर्यालबाट दिईएको | १०००० | |
| ५ | बिष्णु प्रजा | वडा नं १० को कार्यालय | काजकिरिया खर्च | १०००० | |
| ७ | सिर्जना परियार | वडा नं ०४ को कार्यालय | मिति २०८२।०६।०३ गते सुत्केरी भई बच्चाको अवस्था नाजुक रहेको र थप उपचारका लागि नीजहरुको आर्थिक अवस्था ज्यादै कमजोर रहेको | २०००० | |
| ८ | सिता श्रेष्ठ | वडा नं ३ को कार्यालय | मृगौला सम्बन्धी रोगका कारण उपचारतर रहेको र थप उपचारका लागि आर्थिक अवस्था कमजोर रहेको | १०००० | |
| ९ | इन्द्र बहादुर दर्जी | वडा नं १६ को कार्यालय | पेटको समस्याका कारण उपचाररत रहेको र थप उपचारकाका लागि आर्थिक अवस्था कमजोर भएको | १०००० | |
| १० | प्रकाश सुनार | वडा नं १६ को कार्यालय | नीजको छोरी श्री प्रसन्शा सुनार मृगौलाको समस्या भई उपचाररत रहको र थप उपचारका नीजको आर्थिक अवस्था कमजोर रहेको | २०००० | |
| ११ | कृष्ण प्रसाद बजगाई | वडा नं ११ को कार्यालय | मुटुमा समस्या भई भल्भ फेर्नु पर्ने भएको र उपचारका लागि आर्थिक अवस्था कमजोर भएको | २०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | मुक्तीनाथ चौलागाई | वडा नं १६ को कार्यालय | पिसाव थैलीमा समस्या भई उपचारतर रहेको र थप उपचारका लागि नीजको आर्थिक अवस्था कमजोर भएको | २०००० | |
| १३ | टीका कुमारी न्यौपाने | वडा नं ३ को कार्यालय | ठुलो आन्द्रामा घाउ भई उपचारत रहेको र थप उपचारका लागि नीजको आर्थिक अवस्था कमजोर भएको | १५००० | |
| १४ | विनोद अधिकारी | वडा नं २ को कार्यालय | पक्षघात भई निको नहुने भएको र उपचारका लागि नीजको आर्थिक अवस्था ज्यादै कमजोर भएको | १५००० | |
| १५ | ममता ठाकर तामाङ्ग | वडा नं २ को कार्यालय | ढाडको नशा सम्बन्धि रोगबाट ग्रसित भई उपचाररत रहेको र थप उपचारका लागि आर्थिक अवस्था ज्यादै कमजोर भएको | २०००० | |
| १६ | सिता भुजेल | वडा नं १५ को कार्यालय | मेरुदण्ड रोगको बिरामी भएको र नियमती औषधी सेवन गर्नुपर्ने र शल्यक्रिया गर्नुपर्ने भएको आर्थिक अवस्था कमजोर भई सहयोग माग गरेको | २०००० | |
| १७ | रामकृष्ण घिमिरे | वडा नं १६ को कार्यालय | बिरामी भई उपचाररत रहेको र नीज सुकुम्बासी र विपन्न भई थप उपचारका लागि सहयोग माग गरेको | १५००० | |
| १८ | धपन बहादुर तामाङ्ग | वडा नं ०९ को कार्यालय | दुर्घटनामा परि खुट्टामा दुई पटक सम्म अपरेशन गर्नुपर्ने र नीजको पारिवारिक अवस्था कमजोर भएको | ३०००० | |
| १९ | टिकाराम भुजेल | वडा नं १५ को कार्यालय | पोष्टेड र हर्नियाका कारण उपचाररत रहेको थप उपचारका लागि आर्थिक अवस्था ज्यादै कमजोर हरेको | २०००० | |

**निर्णय नं ११ विविध**

**<u>निर्णय नं ११ विविध क</u>**

मिति २०८२ भाद्र महिनाको २३ र २४ गते भएको जेन्जी समुहको आन्दोलनका क्रममा आगलागी तोडफोड र लुटपाटका कारण नगरकार्यपालिका कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु पूर्ण तथा आंशिक रुपमा क्षतिग्रस्त रहेको अवस्था सर्वविदितै छ । यस अवस्थामा नगरपालिकाको चालु आ व २०८२।०८३ को नगरपालिका वडा कार्यालयहरु र

बिषयगत शाखाहरुको चालु कार्यक्रमहरुको कटौती गरी बजेट व्यवस्थापन गर्नुपर्ने भएकाले वडाको हकमा वडा समितिको बैठकको निर्णय र बिषयगत शाखाहरुको हकमा बिषयगत समितिहरुको निर्णय र नगरस्तरीय चालु कार्यक्रमको हकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट निर्णय गराई प्राथमिकता, औचित्यता, आवश्यकता र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र समेतको आधारमा कटौती गर्न सकिने चालु बजेट कटौती गरी आगामी बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं ११ विविध ख</u>**

मिति २०८२ भाद्र महिनाको २३ र २४ गते भएको जेन्जी समुहको आन्दोलनका क्रममा आगलागी तोडफोड र लुटफाटका कारण वडा कार्यालय र नगरकार्यपालिका कार्यालय वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु पूर्ण तथा आंशिक रुपमा क्षतिग्रस्त रहेको अवस्थामा यस रत्ननगर नगरपालिकाले नगर विकास कोषलाई तिर्न बाँकी रहेको ऋण रकम **रु.१३५६३०००।- (एक करोड पैतिस लाख त्रिसठ्ठी हजार मात्र)** रहेको र हाल क्षति भएका संरचनाहरु पुन निर्माण गर्नुपर्ने भई ऋण रकम तिर्न नसकिने भएकाले ऋण रकम मिनाहाका लागि अनुरोध गर्ने र नगरपालिका वडा कार्यालयहरुको भवन पुन निर्माण एवम् स्तरोन्नतीका लागि कोषको मिति २०८२।६।२३ गतेको पत्रानुसार अनुदान रकम माग गर्न तोकिएको ढाँचामा वित्तीय विवरण तयार गरि पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ११ विविध ग</u>**

यस रत्ननगर नगरपालिका र  बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र बिच भएको सम्झौता अनुसार यस रत्ननगर नगरपालिकालाई उपलब्ध हुने विभिन्न तहका सुधारिएको चुलो र इलेक्ट्रिक चुलो लागि यस आ व २०८२।०८३ को लागि नगरपालिकाले साझेदारी गर्नुपर्ने रकम **रु.५०००००।- (पाँच लाख मात्र)**  नगरस्तरीय विविध कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ११ विविध घ</u>**

नेपालीहरुको महान चाड शुभ दिपावली र छठ पर्वको चाडपर्व मनाउदै गर्दा  फूल गुच्छा तथा मालाको प्रयोग बढी हुने र प्राकृतिक फूल गुच्छा तथा मालाको सट्टामा प्लाष्टिकजन्य फूल गुच्छा तथा मालाको प्रयोगले वातावरणमा प्रतिकुल असर पार्ने हुनाले यस रत्ननगर नगरपालिका क्षेत्र भित्र उक्त वस्तुहरुको प्रयोग तथा बिक्री वितरणमा रोक लगाउने निर्णय गरियो ।

**निर्णय नं ११ विविध ङ**

यस रत्ननगर नगरपालिकाको कार्यालय, नगरप्रमुख ,नगरउपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत १६ वटै वडाका वडा अध्यक्ष ज्यूहरु अन्य जनप्रतिनिधि ज्यूहरुलाई प्रतिवादी बनाई दायर गरेको सर्वोच्च अदालत उच्च अदालत र जिल्ला अदालत सबै किसिमका अदालमा दायर गरेको मुद्धामा सबैको तर्फबाट प्रतिनिधित्व गरेर यस रत्ननगर नगरपालिका कार्यालयमा कार्यरत अधिकृत स्तर छैठौं तहका श्री देव प्रसाद पौडेल (ना.प्र . न.३३१९) जारी मिति २०५०।१०।१८ चितवन) लाई प्रतिनिधि मुकारर गरेर पठाउने निर्णय गरियो ।

**निर्णय नं ११ विविध च**

यस नगरपालिकाको १७ औं नगरसभाबाट सम्पतीकर तथा व्यवसाय कर २०८२ असोज मसान्त भित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट दिने निर्णय भएकोमा जेन्जी समुहको आन्दोलनका कारण नगरपालिकाको राजश्व सेवा प्रभावित बनेको र नगरवासी तथा व्यवासीयहरुबाट समेत छुट समय थप गरिदिनु हुन भनि अनुरोध भै आएकाले उक्त छुट दिने व्यवस्था मिति २०८२ कार्तिक मसान्त सम्म कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ विविध छ**

कृषि विकास निर्देशनालय/पशुंपक्षी तथा मत्स्य विकास निर्देशनालयको मिति २०८२।०५।०६ गते प्रकाशित समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रममा सहभागी हुन इच्छुक स्थानीय तहहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना बमोजिम लागत साझेदारी सहित कार्यक्रममा सहभागिताका लागि कार्यविधि बमोजिम यस रत्ननगर नगरपालिकाले यस नगरपालिकामा विनियोजन हुने बजेटको २० प्रतिशतले हुन आउने रकम नगरस्तरीय नगर प्रमुखसँग विविध कार्यक्रम शिर्षकबाट लागत साझेदारी गर्ने प्रतिबद्धता सहित रत्ननगर नगरपालिका वडा नं १० मा गाई प्रवर्द्धन कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ विविध ज**

मिति २०८२ भाद्र महिनाको २३ र २४ गते भएको जेन्जी समुहको आन्दोलनका कारण सिर्जित परिस्थती र यस रत्ननगर नगरपालिकाको बजेट व्यवस्थापन लगायतका कारण विशेष नगरसभा संचालन गर्नुपर्ने भएकाले मिति २०८२।७।१७ गते सोमबार बिहान ११ बजेदेखि नगरसभाहल सौराहामा रत्ननगर नगरपालिकाको विशेष नगरसभा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ विविध झ.**

यस रत्ननगर नगरपालिकाले इलाका प्रहरी कार्यालयलाई गस्ती र QRT प्रयोजनका लागि १२५ सिसि क्षमताको पल्सर मोटरसाइकल ३ थान उपलब्ध गराएको र नगरस्तरीय इ. प्र. का टाँडी मोटरसाइकल खरिद शिर्षकमा विनियोजित बजेट रु **७५००००।- (सात लाख पचास हजार मात्र)** मा अपुग बजेट **रु.७०,०००।-(सत्तरी हजार मात्र)** नगरस्तरीय **सवारी साधन मर्मत खर्च** शिर्षकबाट व्ययभार हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११ विविध ञ.**

जिल्ला आयुर्वेद औषधालय प्रसोधन केन्द्र बकुलहर चितवनले कार्यालय प्रयोजन र स्टोर संचालनका लागि यस रत्ननगर नगरपालिका वडा नं ०९ पशुहाटमा रहेको भवन माग गरेको र उक्त भवनमा पशु सेवा केन्द्र र प्रयोगशाला संचालन भई बाँकी रहेका कोठाहरु मुख्य भवनको दोस्रो तल्लामा रहेको सभाहल र भुइ तल्लाको पश्चिम तर्फको हाल HART ले प्रयोग गरिरहेको दुई वटा कोठा अस्थायी प्रयोजनका लागि आपसी सम्झौता गरी प्रयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ विविध ट**

यस रत्ननगर नगरपालिका वडा नं १३ मा रहेको कामख्या देविको मन्दिर परिसर भित्र वटुवा तथा वृद्धवृद्धाहरुलाई पानि खानका लागि एउटा Water Cooler Storage माग गरेकाले नगरस्तरीय **धार्मिक तथा सांस्कृतिक संस्था सहायता** शिर्षकबाट व्ययभार हुने गरी रु.१०००००।—(अक्षरुपी एक लाख) मात्र विनियोजन गर्ने निर्णय गरियो ।